# तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

फोन नं. ०७५- ५२०१०१, ५२०१०१,
५२०१२१, ५२०८९३


पत्र संख्या : ०८०/०८०
च.नं. २५७६

मितिः २०८०।०३।३१

श्री वडा कार्यालयहरु सबै
तानसेन नगरपालिका ।

विषय : सामाजिक सुरक्षा परिचयपत्र नविकरण सम्वन्धमा ।

प्रस्तुत विषयमा आ.व. २०८०/०८१ का लागि सामाजिक सुरक्षा भत्ता नविकरण गर्ने सम्वन्धी राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. सा.सु. १९७ को पत्र यसैसाथ संलग्न गरी पठाईएको छ । व्यहोरा पत्रवाटै अवगत गरी सोही वमोजिम सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्ने व्यवस्था मिलाउनुहुन अनुरोध छ ।

पुनश्चः सो सम्वन्धमा थप जानकारी आवश्यक परेमा पञ्जीकरण शाखा वा सेवा ईकाइमा सम्पर्क गर्नुहुन समेत अनुरोध गरिन्छ ।

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- २०८१/०८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- २२१.५. १५६

मिति: २०८०/०३/२१

बिषय- सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्वन्धमा ।

श्री स्थानीय तह सबै,

प्रस्तुत सम्वन्धमा तहाँ मार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका सम्पूर्ण लाभग्राहीहरुको सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ वमोजिम आर्थिक वर्ष २०८०/०८१ का लागि २०८० भाद्र मसान्त भित्र सम्वन्धित वडा कार्यालय मार्फत देहायको प्रक्रिया अपनाई अनिवार्य रुपमा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न गराउन हुन अनुरोध छ।

देहाय

१. परिचयपत्र नवीकरणको समयावधि र प्रक्रियाकावारे सम्पूर्ण लाभग्राहीलाई स्थानीय संचार माध्यम र सम्वन्धित वडा कार्यालय मार्फत सुसुचित गराउने । परिचयपत्र नवीकरण नभएका लाभग्राहीको स्वत लगत कट्टा हुने व्यहोरा समेत जानकारी गराउने,

२. परिचयपत्र नवीकरण गर्दा सम्पूर्ण लाभग्राहीको वैंक खाता अद्यावधिक गर्ने,

३. लाभग्राहीको नागरिकता नं. जारी मिति, जारी गर्ने जिल्ला र तिन पुस्ते विवरण अद्यावधिक गरी नागरिकता प्रमाणपत्रको स्क्यान कपी प्रणालीमा अपलोड गर्ने,

४. प्रणालीमा लाभग्राहीको मोवाईल नं. अद्यावधिक गर्दा सम्वन्धित लाभग्राहीको मोवाईल नं. राख्ने । लाभग्राहीको मोवाइल नं. नभएको अवस्थामा निजको परिवार वा वास्तविक संरक्षकको मात्र मोवाइल नं. राख्ने,

५. परिचयपत्र नवीकरण भए पछि नवीकरण गरिएको निस्सा सम्वन्धित लाभग्राहीलाई उपलब्ध गराउने,

६. कुनै लाभग्राही परिचयपत्र नवीकरण गर्ने समयावधि व्यतित भए पछि नवीकरणको लागि आएमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ वमोजिम निवेदन लिई प्रकिया अगाडि वढाउने ।

समीर भण्डारी
शाखा अधिकृत